# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, मंसीर १३ गते २०४३ साल (अतिरिक्ताङ्क ३५

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

अञ्चल तथा जिल्ला अदालत (पहिलो संशोधन) नियमावली, २०४३

अञ्चल तथा जिल्ला अदालत नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "अञ्चल तथा जिल्ला अदालत (पहिलो संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अञ्चल तथा जिल्ला अदालत नियमावली, २०३४ को नियम ३ मा संशोधन : अञ्चल तथा जिल्ला अदालत नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,–

(१) खण्ड (त) झिकिएको छ ।

(२) खण्ड (थ) र (द) मा रहेका "फाँटवाला विचारीले" भन्ने शब्दहरूको सट्टा "फाँटवालाले" भन्ने शब्द राखिएको छ ।

३. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को,–

(१) उपनियम (१) मा रहेको "न्यायाधीश" भन्ने शब्दको सट्टा ""मुख्य भै काम गर्न तोकिएको न्यायाधीश" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (३) मा रहेको "न्यायाधीशले" भन्ने शब्दको सट्टा "मुख्य भै काम गर्न तोकिएको न्यायाधीशले" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :–

"१०. दैनिक मुद्दा पेशी सूची : (१) नियम ९ बमोजिम अञ्चल अदालतको साप्ताहिक मुद्दा पेशी सूचीमा परेका मुद्दाहरूको सूची मुख्य भई काम गर्न तोकिएको न्यायाधीश समक्ष स्रेस्तेदारले पेश गर्नु पर्नेछ । सो न्यायाधीशले इजलास गठन गर्दा तोकिदिए अनुसार स्रेस्तेदारले दैनिक मुद्दा पेशी सूची मूल सूचना-पाटीमा टाँस्न लगाई सम्बन्धित इजलास कोठाको सूचना पाटीमा सो इजलाससंग सम्बन्धित दैनिक मुद्दा पेशी सूची टाँस्न लगाउनु पर्नेछ र एक प्रति सम्बन्धित न्यायाधीशलाई दिनु पर्नेछ ।

(२) ऐनको दफा ५ को उपदफा (२) को खण्ड (ग), (घ) र (ङ) मा उल्लेख भएका मुद्दाहरूका सम्बन्धमा त्यसै दिन पर्न आएको उजूरीको हकमा साप्ताहिक वा दैनिक मुद्दा पेशी सूचीमा नचढेको भए पनि आवश्यकतानुसार सोही दिन उपनियम (१) बमोजिम इजलास गठन गरी कारवाई गर्न सकिनेछ ।

(३) नियम ९ बमोजिम जिल्ला अदालतको साप्ताहिक मुद्दा पेशी सूचीमा परेका मुद्दाहरू एकभन्दा बढी न्यायाधीश भएकोमा मुख्य भई काम गर्न तोकिएको न्यायाधीशले उपस्थित अन्य सबै न्यायाधीशहरू समक्ष गोला राखी छुट्याई दैनिक मुद्दा पेशी सूची तयार गरी गराई सूचना पाटीमा टाँस्न लगाउनु पर्नेछ र एक प्रति सम्बन्धित न्यायाधीशलाई दिनु पर्नेछ ।

(४) दायर हुन आएको प्रहरी प्रतिवेदन र कुनै मुद्दामा अदालतबाट जारी भएको म्याद, पूर्जी, वारेण्टबाट हाजीर हुन वा पक्राउ भई आएकोमा तत्काल बयान गराई थुनछेकको कारवाई गर्नु पर्ने मुद्दा समेत साप्ताहिक वा दैनिक मुद्दा पेशी सूचीमा नचढेको भए पनि कारवाई गर्न सकिनेछ ।

(५) उपनियम (१) वा (३) अनुसार दैनिक मुद्दा पेशी सूची तयार गर्दा अघिल्लो दिन तोकिएको वा गोला राखी छुट्याइएको मुद्दा इजलासले हेर्दा हेर्दै नभ्याई बाँकी रहेको भए त्यस्तो बाँकी रहेको मुद्दा भोलिपल्ट सोही इजलास गठन भए सो इजलासलाई तोकिनेछ र सो इजलासले पनि सो मुद्दालाई अग्राधिकार दिई हेर्नेछ । भोलिपल्ट सो इजलास गठन नभए त्यस्ता मुद्दा र कुनै इजलासले हेर्न नभ्याएर बाँकी रहेको मुद्दालाई पेशी सार्न वा आगामी हप्ताको पहिलो दिन पेशी तोक्न सकिनेछ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।